# भाग २

श्री ५ को सरकार

**कानून तथा न्याय मन्त्रालय**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५२ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ऊँरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

**बीमा ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन**

प्रस्तावना : बीमा ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौबीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बीमा (पहिलो संशोधन) ऐन, २०५२" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. बीमा ऐन, २०४९ को दफा २ मा संशोधन : बीमा ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को ,-

(१) खण्ड (ठ) को अन्त्यमा रहेका "र सो शब्दले ब्रोकर समेतलाई जनाउँछ" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) खण्ड (ड) मा रहेका "दफा ३०" भन्ने शब्दहरुको सट्टा "दफा ३०क." भन्ने शब्दहरु राखिएका छन् ।

(३) खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएको छ :-

"(ड१) "दलाल" भन्नाले बीमा व्यवसाय सम्बन्धमा बीमक बीमक बीच माध्यमको रुपमा काम गर्न दफा ३०ख. बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।"

(४) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छ :-

"(ण) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण महिनाको १ गते देखि आषाढ महिनाको मसान्तसम्मको अवधि सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को,-

(१) खण्ड (ग) मा रहेका "बीमा अभिकर्ता वा सर्भेयरको" भन्ने शब्दहरुको सट्टा "बीमा अभिकर्ता, सर्भेयर वा दलालको" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
१६४

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) र (घ२) थपिएका छन् :-

"(घ१) बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको उजूरी उपर निर्णय गर्ने,

(घ२) बीमा व्यवसायका सम्बन्धमा बीमकलाई समय समयमा आवश्यक निर्देशन दिने ।"

४. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को,-

(१) उपदफा (२) मा रहेको "दर्ताको" भन्ने शब्दपछि "प्रमाणपत्र" भन्ने शब्द थपिएको छ ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) बमोजिमको म्याद भित्र कुनै बीमकले आफ्नो दर्ताको प्रमाणपत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई म्याद समाप्त भएको मितिले तीस दिनभित्र समिति समक्ष निवेदन दिएमा र समितिले सो कारण मनासिब देखेमा त्यस्तो बीमकको दर्ताको प्रमाणपत्र नवीकरण गरिदिन सक्नेछ ।"

५. मूल ऐनमा दफा ११ क. थप : मूल ऐनको दफा ११ पछि देहायको दफा ११ क. थपिएको छ :-

"११क. बीमकको दर्ताको प्रमाणपत्र नवीकरण हुन नसक्ने अवस्था : (१) दफा ११ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कुनै अवस्थामा समितिले बीमकको दर्ताको प्रमाणपत्र नवीकरण गर्ने छैन :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दफा २३ बमोजिम वासलात पेश नगरेमा,

(ख) दफा २४ बमोजिम आम्दानीको हिसाब पेश नगरेमा,

(ग) दफा २५ बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगरेमा,

(घ) दफा २६ बमोजिम बिमांकीको प्रतिवेदन पेश नगरेमा,

(ङ) दफा ४० बमोजिम बीमा सेवा शुल्क नबुझाएमा,

(च) दफा १२क. बमोजिम बीमा व्यवसाय गर्न रोक लगाइएकोमा ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था परी बीमकको दर्ताको प्रमाणपत्र नवीकरण हुन नसक्ने स्थिति सृजना भएमा समितिले बीमकलाई सो कुराको सूचना त्यस्तो स्थिति सृजना भएको पन्ध्र दिन भित्र दिनु पर्नेछ ।

(३) बीमकले दफा २३, २४, २५, २६ र ४० बमोजिम आफूले पूरा गर्नु पर्ने दायित्व समयमा पूरा गर्न नसकेको मनासिब माफिकको कारण खुलाई उपदफा (२). बमोजिमको सूचना प्राप्त भएको मितिले पन्ध्र दिनभित्र समिति समक्ष निवेदन दिएमा समितिले कारण मनासिब देखेमा त्यस्तो दायित्व पूरा गर्न बढीमा एक महिनासम्मको म्याद थप दिन सक्नेछ ।”



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को, -

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय संचालन गर्ने गरी दर्ता गर्न आएमा,

तर यस अघि दर्ता भई जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय संचालन गर्दै आएका बीमकले समितिले तोकेको मितिदेखि तोकिए बमोजिम जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय गर्ने अलग अलग संस्थाको रुपमा कार्य गर्नु पर्नेछ ।"

(२) खण्ड (ख) मा रहेका "तीन करोड" भन्ने शब्दहरुको सट्टा "पाँच करोड" भन्ने शब्दहरु राखिएका छन् ।

(३) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ :-

"(ग) बीमा व्यवसायको बजार सम्बन्धी अध्ययन, अनुसन्धान तथा मूल्यांकन प्रतिवेदनको आधारमा समितिले बीमा व्यवसाय संचालन गर्न थप संगठित संस्थालाई बीमकको रुपमा दर्ता गर्न रोक लगाउने निर्णय गरेको अवस्थामा ।"

७. मूल ऐनमा दफा १२ क. थप : मूल ऐनको दफा १२ पछि देहायको दफा १२ क. थपिएको छ :-

"१२क. बीमा व्यवसायमा रोक लगाउन सकिने :

(१) देहायको कुनै अवस्थामा समितिले बीमकले गर्दै आएको बीमा व्यवसाय अन्तर्गतको कुनै पनि किसिमको व्यवसायलाई पूर्ण वा आंशिक रुपमा रोक लगाउन वा रद्द गर्न सक्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बीमा व्यवसाय संचालन गर्दा बीमकले अपनाउनु पर्ने प्रकृया सम्बन्धमा समितिले समय सभयमा दिएको निर्देशन उल्लंघन गरेमा,

(ख) बीमकले दफा १४ को विपरीत हुने गरी आफ्नो संचालक वा निजको परिवार वा निज मेनेजिङ्ग एजेण्ट भएको वा हिस्सेदार भएको कुनै पनि संगठित संस्थालाई ऋण दिएमा वा कसैले ऋण दिंदा कुनै किसिमको जमानत वा सुरक्षण दिएमा ।

(ग) बीमकले दफा १५ बमोजिम समितिलाई दिनु पर्ने सूचना नदिएमा ।

(घ) बीमकले दफा १९ बमोजिम राख्नु पर्ने हिसाब किताबको श्रेस्ता रीतपूर्वक नराखेमा ।

(ङ) बीमकले दफा २० बमोजिम बेग्लै राख्नु पर्ने हिसाब किताब बेग्लै नराखेमा ।

(च) बीमकले दफा २१ बमोजिम राख्नु पर्ने कोष नराखेमा वा एउटा व्यवसायको निमित्त राखिएको कोषबाट अर्को बीमा व्यवसाय सम्बन्धी दायित्व व्यहोरेमा ,

(छ) बीमकले दफा २२ बमोजिम राख्नु पर्ने अनिवार्य जगेडा कोष नराखेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) बीमकले दफा २७ बमोजिम बीमा शुल्क रकम प्राप्त नगरी बीमा जोखिम स्वीकार गरेमा ।

(झ) बीमकले दफा २८ बमोजिम पुनर्बीमा नगराएमा ।

(२) उपदफा (१) बमोजिम समितिले बीमकको बीमा व्यवसायमा रोक लगाउनु अघि सम्बन्धित बीमकलाई बीमा व्यवसायमा रोक लगाउनु परेको कारण खोली स्पष्टीकरण पेश गर्ने मनासिब समय दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयभित्र सम्बन्धित बीमकले स्पष्टीकरण पेश नगरेमा वा गरे पनि निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा समितिले उपदफा (१) बमोजिम त्यस्तो बीमकको बीमा व्यवसायमा रोक लगाई सोको सूचना नेपाल अधिराज्यबाट प्रकाशित हुने दुई मुख्य पत्र पत्रिकामा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै बीमकको बीमा व्यवसायमा रोक लगाइएको समयावधिमा सो बीमकले आफू उपर पर्न आएको क्षतिपूर्तिको दाबीको भुक्तानी तोकिए बमोजिम गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै बीमकको बीमा व्यवसायमा रोक लगाइएकोमा त्यस्तो बीमा व्यवसायमा रोक लगाई रहनु पर्ने अवस्था विद्यमान नरहेको भनी तोकिएको समयभित्र बीमकले पेश गरेको प्रमाण सन्तोषजनक देखिएमा समितिले तोकिए



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६५

बमोजिम जरिवाना गरी बीमा व्यवसायमा लगाइएको रोक फुकुवा गर्न सक्नेछ ।"

८. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को उपदफा (१) को खण्ड (ख) मा रहेको "निजको" भन्ने शब्दपछि "नेपाल अधिराज्य भित्र रहेको" भन्ने शब्दहरु थपिएका छन् ।

९. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ मा रहेका "निजको परिवारलाई" भन्ने शब्दहरुको सट्टा "निजका परिवार वा निज मेनेजिङ्ग एजेन्ट भएको वा हिस्सेदार भएको कुनै पनि संगठित संस्थालाई" भन्ने शब्दहरु राखिएका छन् ।

१०. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ मा रहेका "निजहरुको परिवारसंग" भन्ने शब्दहरुको सट्टा "निजको परिवार वा निज मेनेजिङ्ग एजेन्ट भएको वा हिस्सेदार भएको कुनै पनि संगठित संस्थासंग" भन्ने शब्दहरु राखिएका छन् ।

११. मूल ऐनको परिच्छेद - ५ को परिच्छेद शीर्षकमा संशोधन : मूल ऐनको परिच्छेद- ५ को परिच्छेद शीर्षकको सट्टा देहायको परिच्छेद शीर्षक राखिएको छ :-

"परिच्छेद - ५

बीमा अभिकर्ता, सर्भेयर र दलाल सम्बन्धी व्यवस्था"

१२. मूल ऐनको दफा ३० मा संशोधन : मूल ऐनको दफा ३० को,-

(१) उपदफा (१) मा रहेका "काम गर्न चाहने" भन्ने शब्दहरु पछि "तोकिए बमोजिमको योग्यता पुगेको" भन्ने शब्दहरु थपिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
260

(२) ठाउँ ठाउँमा रहेका "बीमा अभिकर्ता वा सर्भेयरको" भन्ने शब्दहरुको सट्टा "बीमा अभिकर्ताको" भन्ने शब्दहरु राखिएका छन् ।

१३. मूल ऐनमा दफा ३०क. र ३०ख. थप : मूल ऐनको दफा ३० पछि देहायका दफा ३०क. र ३०ख. थपिएका छन् :-

"३०क. सर्भेयरको दर्ता : (१) सर्भेयरको रुपमा काम गर्न चाहने तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिले तोकिए बमोजिम समितिमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजतपत्र दिन हुने देखिएमा तोकिए बमोजिम दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा निवेदकलाई सर्भेयरको इजाजतपत्र दिनु पर्नेछ र इजाजतपत्र दिनु नपर्ने कुनै कारण भएमा त्यसको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

३०ख. दलालको दर्ता : (१) दलालको रुपमा काम गर्न चाहने तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिले तोकिए बमोजिम समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले उक्त निवेदन उपर जाँचबुझ गर्दा इजाजतपत्र दिन हुने देखिएमा तोकिए बमोजिमको दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा निवेदकलाई दलालको इजाजतपत्र दिनु पर्नेछ र इजाजतपत्र दिनु नपर्ने कुनै कारण भएमा त्यसको जानकारी समितिले निवेदकलाई दिनु पर्नेछ ।"

१४. मूल ऐनको दफा ३१ मा संशोधन : मूल ऐनको दफा ३१ को ठाउँ ठाउँमा रहेका "बीमा अभिकर्ता वा सर्भेयर" भन्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शब्दहरुको सट्टा "बीमा अभिकर्ता, सर्भेयर वा दलाल" भन्ने शब्दहरु राखिएका छन् ।

१५. मूल ऐनको दफा ३२ मा संशोधन : मूल ऐनको दफा ३२ को दफा शीर्षकमा रहेका "बीमा अभिकर्ता तथा सर्भेयरको" भन्ने शब्दहरुको सट्टा "बीमा अभिकर्ता, सर्भेयर र दलालको" भन्ने शब्दहरु र सो दफामा रहेका "बीमा अभिकर्ता वा सर्भेयर" भन्ने शब्दहरुको सट्टा "बीमा अभिकर्ता, सर्भेयर वा दलाल" भन्ने शब्दहरु राखिएका छन् ।

१६. मूल ऐनको दफा ३३ मा संशोधन : मूल ऐनको दफा ३३ को ठाउँ ठाउँमा रहेका "बीमा अभिकर्ता वा सर्भेयर" भन्ने शब्दहरुको सट्टा "बीमा अभिकर्ता, सर्भेयर वा दलाल" भन्ने शब्दहरु राखिएका छन् ।

१७. मूल ऐनमा दफा ३४क. थप :मूल ऐनको दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छ :-

"३४क. समितिको खर्च कोषबाट व्यहोरिने : समितिको तर्फबाट गरिने सम्पूर्ण खर्चहरु दफा ३४ बमोजिमको समितिको कोषमा जम्मा रहेको रकमबाट व्यहोरिनेछ ।"

१८. मूल ऐनको दफा ३६ मा संशोधन : मूल ऐनको दफा ३६ को,-

(१) उपदफा (१) को ठाउँ ठाउँमा रहेका "सर्भेयर वा बीमा अभिकर्ता" भन्ने शब्दहरुको सट्टा "सर्भेयर, दलाल वा बीमा अभिकर्ता भन्ने" शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

(२) उपदफा (२) मा रहेका "बीमा अभिकर्ताले" भन्ने शब्दहरुको सट्टा "बीमा अभिकर्ता वा दलालले" भन्ने शब्दहरु राखिएका छन् ।

१९. मूल ऐनको दफा ३९ मा संशोधन : मूल ऐनको दफा ३९ को,-

(१) उपदफा (१) मा रहेको "सर्भेयर" भन्ने शब्द पछि "वा दलाल" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (२) मा रहेको "सर्भेयर" भन्ने शब्द पछि "दलाल," भन्ने शब्द थपिएको छ ।

२०. मूल ऐनको दफा ४१ मा संशोधन : मूल ऐनको दफा ४१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) श्री ५ को सरकारले बीमा व्यवसायको बीमा दर कायम गर्ने सम्बन्धमा समितिलाई आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नका लागि देहायका सदस्यहरु रहेको एक बीमा दर सल्लाहकार समिति गठन गर्नेछ :-

(क) अध्यक्ष, बीमा समिति – अध्यक्ष

(ख) बीमकका प्रमुखहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको तीनजना - सदस्य

(ग) सचिव, बीमा समिति- सदस्य-सचिव"

२१. मूल ऐनमा दफा ४१क. र ४१ख. थप : मूल ऐनको दफा ४१ पछि देहायका दफा ४१क. र ४१ख. थपिएका छन् :-

"४१क. बीमक बाहेक अन्य कसैसंग बीमा व्यवसाय सम्बन्धी कारोबार गर्न नहुने : यस ऐन बमोजिम दर्ताको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमाणपत्र प्राप्त बीमक बाहेक अन्य कुनै व्यक्ति वा संस्थासंग नेपाल अधिराज्यभित्र रहेका कुनै पनि व्यक्ति वा संस्थाले बीमा व्यवसाय सम्बन्धी कारोबार गर्नु हुँदैन ।

४१ख. दायित्व भुक्तानी गर्ने प्राथमिकता क्रम : कुनै बीमक दफा १३ बमोजिमको दर्ता खारेजीको कारणले विघटन भएमा निम्नलिखित प्राथमिकताको आधारमा दायित्वको भुक्तानी गर्नु पर्नेछ :-

(क) विघटन गर्दा लागेको खर्च,

(ख) दफा १६ बमोजिम बीमितलाई दिनु पर्ने बीमाको दाबी भुक्तानी रकम,

(ग) बीमकका कर्मचारीले पाउनु पर्ने पारिश्रमिक तथा अन्य बाँकी रकम,

(घ) ऋण रकम,

(ङ) समितिलाई तिर्नु पर्ने रकम,

(च) श्री ५ को सरकारलाई तिर्नुपर्ने रकम ।"

लालमोहर सदर मिति :- २०५२ । ९ । २० । ५

आज्ञाले,
वेद व्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४